नेपाल सरकार
# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
(वातावरण व्यवस्थापन शाखा)

फोन नं. ४२००३०६
फ्याक्स नं. ०१-४२००३३६
web page: www.mofald.gov
सिहदरबार, काठमाण्डौ ।

पत्र संख्या वा.व्य.शा.२०७३/७४
च.नः १८०

मिति :-२०७४/११/२२

श्री महानगरपालिका/उपमहानगरपालिका/नगरपालिका कार्यालय (सबै )
श्री गाउपलिका (सबै )

**विषयः जानकारी सम्बन्धमा।**

उपर्युक्त विषयमा सिन्धुपाल्चोक जिल्ला चौतारा सागाचोकगढी नगरपालिकाको च .न. ५५३ मिति २०७४/१०/०५ मार्फत इन्द्रबती माईन्स एन्ड मोर प्रा .लि ,टोखा ३ ,काठमाडौँ ले सोही नगरपलिकाको वडा न ९ स्थित सिम्ले क्षेत्रमा साधारण निर्माणमुखी खनिजपदार्थ ढुंगाको उत्खनन अनुमतिका लागि नगरपालिकामा कार्ययोजना ,प्रारम्भिक बाताबरणीय परिक्षण प्रतिबेदन र सो को TOR सहित निबेदन गरेकोमा नगरपालिकाले प्रारम्भिक बाताबरणीय परिक्षण प्रतिबेदन स्वीकृतिका लागि आबश्यक जनशक्ति नभएका कारण दर्साई सोको स्वीकृति मन्त्रालयबाट गरिदिनु हुन् भनि अनुरोध गरेको देखिन्छ । स्थानीय सरकार संचालन ऐन ,२०७४ को प्राबधान बमोजिम ढुंगा ,गिट्टी ,बालुवा आदि जस्ता खानीजन्य बस्तुहरुको सर्वेक्षण , उत्खनन तथा उपयोगको दर्ता ,अनुमति,नविकरण ,खारेजी र ब्यबस्थापन स्थानीय सरकारको अधिकार क्षेत्र भित्र पर्ने गरि ब्यबस्था भएकोमा हालसम्म स्थानीय सरकार संचालन ऐन ,२०७४ को नियमावली बनि नसकेको साथै सो कार्यका लागि कुनै निर्देशिका /कार्यविधि समेत स्वीकृत भएको अवस्था नरहेकोले थप कानुनी ब्यबस्था भएपछि सो बमोजिम हुनेगरी हाललाई प्रचलित खानी तथा खनिजपदार्थ ऐन २०४२ तथा खानी तथा खनिजपदार्थ नियमावली २०५६ बमोजिम हुनेगरी खानी तथा भूगर्भ विभागबाट उत्खनन कार्ययोजना (mining scheme ) प्रारम्भिक बाताबरणीय परिक्षण प्रतिबेदनको TOR र प्रतिबेदन स्वीकृत गराइ सो विभागको सहमति प्राप्तगरी सम्बन्धित नगर/गापलिकाको कार्यालयबाट उत्खनन अनुमति पत्र जारी गर्न पत्राचार गर्ने गरि मिति २०७४/११/२२ को (सचिब स्तरीय) निर्णय भएकोले सोहि व्यहोरा जानकारीका लागि अनुरोध छ।

(जिबलाल भुसाल )
उप-सचिब

बोधार्थः
श्री उद्योग ,बाणिज्य तथा आपूर्ति मन्त्रालय -आबस्यक समन्वय र सहयोग हुन।
श्री जिल्ला समन्वय समिति सबै
सूचना तथा विद्युतीय शासन शाखा, स.मा. तथा स्था.वि.म.: बेवसाइटमा Upload गर्नुहुन ।